# कापाको बोर्ड संचालकमा संस्थाका पूर्व अध्यक्ष सिए. युद्ध राज ओली निर्वाचित ।

एसिया तथा प्रशान्त क्षेत्रको लेखाव्यवसायीहरुको संगठन Confederation of Asia and Pacific Accountants (CAPA) को मिति २०८० असोज १९ गते श्रीलंकामा सम्पन्न भएको बोर्ड संचालकको निर्वाचनमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पूर्व अध्यक्ष तथा पार्षद सिए. युद्ध राज ओली बोर्ड संचालक पदमा आगामी चार बर्ष २०२३-२७ को लागी निर्वाचित हुनुभएको छ ।

नेपाल सँगै भारत, अष्ट्रेलीया, जापान, दक्षीण कोरीया, अमेरीका, न्युजील्याण्ड, पपुवान्युगीनी, फिलीपीन्स, श्रीलंका लगाएतका देशका लेखाब्यवसायी संस्थाका प्रतिनिधी संचालक मा निर्बाचीत भएका थिए भने आइसिएआइ भारतका पूर्व अध्यक्ष सिए. प्रफुल्ल छाजेद कापाको अध्यक्षमा निर्बाचीत भएका छन ।

कापाको स्थापना सन् १९५७ मा भएको हो । हाल कापामा २३ वटा राष्ट्रका ३२ लेखाव्यवसायी संस्थाहरु सदस्यको रुपमा आवद्ध रहेका छन् भने नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सन् १९९८ देखी  यसको सदस्य रहदै आएको छ ।

सिए. युद्ध राज ओली आठौं परिषदको तेस्रो कार्यकाल (आ.व. २०७७/७८) मा उपाध्यक्षको रुपमा र नवौं परिषदको प्रथम कार्यकाल (आ.व. २०७८/७९) मा अध्यक्षको भूमिका निर्वाह गर्नुभएको थियो । १२ जना सदस्य रहने कापाको उक्त बोर्डको पदावधि चार वर्षको हुनेछ ।

सिए. युद्ध राज ओलीको कापा बोर्डमा भएको यस प्रतिनिधित्वले अन्तराष्ट्रिय मञ्चमा संस्थाको उपस्थितिलाई अझ सुदृढ गर्न सहयोग पुऱ्याउने संस्थाले विश्वास लिएको छ । उहाँलाई संस्थाको तर्फबाट बधाईका साथै सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मितिः २०८० आश्विन २२ गते